Educational Journal
December, 2025, Volume-4, Issue-II
DOI: https://doi.org/10.3126/ej.v4i2.88548
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

# धार्मिक चिन्तनमा कुलको ईश्वरीय स्वरूप

*डा. बद्रीप्रसाद भट्टराई*
मुख्य कार्यालय सहायक
त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर
*badribhattarai21@gmail.com*

## लेखसार

*विभिन्न धर्ममा ईश्वरको स्वरूपमा विविधता र समानता रहेको छ । विभिन्न धर्ममा निर्माण भएको विविधता र समानताका मौलिकताहरूका आधारमा कुलको ईश्वरीस्वरूप निर्धारण गर्नु पर्नेमा हालसम्म सो विषयमा अध्ययन भएको पाइँदैन । यो अध्ययनमा विभिन्न धर्मका धार्मिक चिन्तनका आधारमा कुलको नैतिक, धार्मिक एवम् आध्यात्मिक स्वरूपको अवस्था पहिचान गर्ने उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनमा विभिन्न धर्ममा मानिसहरूको ईश्वरप्रति अभिव्यक्त भावना, ईश्वर आगमनको मान्यता, आत्माको अस्तित्व एवम् भावी जीवनको आशा वा भाँती, सत् असत् तŒवको अस्तित्वका कारण, उत्तरदायित्व र मुक्तिको आधारलाई सैद्धान्तिक आधारका रूपमा लिइएको  छ । प्रस्तुत सैद्धान्तिक आधारबाट गरिएको यो अध्ययनमा हिन्दू धर्मको धार्मिक मान्यतामा वर्णित कुल पनि एक ईश्वरीय स्वरूप हो भन्ने प्रमाणित भएको छ । यसले विभिन्न धर्ममा वर्णित धर्महरू किन, कहाँ र कसरी उत्पन्न भएका हुन तथा कुन कारणले धर्महरूमा विविधता रहेका छन् भन्ने बारेमा अध्ययन गर्न पनि सहयोग गर्ने छ ।*

**विशेष शब्दकुञ्जी :** ईश्वर, कुल, धर्म, स्वरूप ।

## विषय परिचय

विभिन्न विद्वानहरूका मतका आधारमा धार्मिक चिन्तनको स्वरूपमा मतान्तर रहेको छ । विद्वानहरूका मतान्तरका आधारमा हिन्दू धर्ममा पनि कुलको पहिचानका बारेमा द्विविधा रहेको छ । हिन्दू धर्ममा कुललाई समग्रवंशज र धार्मिक मान्यताका आधारमा हेर्ने गरिएको पाइन्छ । वंशजगत आधार भिन्न धार्मिक आधारमा कुलको अध्ययनमा समय, स्थान एवम् आवश्यकता अनुसार कुनै विशेष परिस्थितिलाई जोड दिने गरिएको छ । धर्म र ईश्वरको पहिचानको आधारमा हिन्दू धर्ममा ईश्वरको स्वरूप कुलको नैतिक, धार्मिक एवम् आध्यात्मिक रूपको पहिचान नभएको अवस्था विध्यमान रहेको छ । यो अध्ययन कुलको नैतिक, धार्मिक एवम् आध्यात्मिक रूपको पहिचानसँग केन्द्रित रहेको छ ।

### समस्याकथन

विद्वानहरूका मतान्तरका आधारमा हिन्दू धर्ममा कुलको पहिचानका बारेमा द्विविधा रहेको छ । धर्म मानव जीवनको सत्य र सुन्दरताको चरम आदर्शको संगम हो । धर्मको स्थापना र सुधार गर्न प्रत्येक धर्मका संतहरूले आफ्ना अनुयायीहरूलाई नैतिक, धार्मिक एवम् आध्यात्मिक आदर्श प्रदान गरेको अवस्था छ । उनीहरूका नैतिक, धार्मिक एवम् आध्यात्मिक आदर्शले विभिन्न धर्मको नामाकरण र तŒवको

निर्माण गरेको छ । धर्मका नामाकरण र तŒवका सँगै धार्मिक शक्तिको स्वरूपमा ईश्वरको कल्पना गरिएको छ। जस्तैः हिन्दू धर्मले ईश्वरलाई सर्वव्यापकता, आत्माको अमरता तथा आत्मा एवम् परमात्माको अन्तरङ्ग सम्बन्धलाई पर्दशित गर्दै वर्णाश्रम व्यवस्थाद्वारा सामाजिक सुचारुता तर्फ महŒव दिने तŒवका रूपमा मानेको छ। बौद्ध धर्मले ईश्वरलाई धर्मको सार, नैतिक साधनाद्वारा शान्तिपूर्वक आत्मा विकासमा निहित हुने शक्तिसम्पन्न तŒवका रूपमा मानेको छ । जैन धर्मले ईश्वरलाई अहिंसा, देह दमन एवम् तपस्याद्वारा आत्माको उन्नति एवम् पूर्णताको प्रतिपादन गर्न सक्ने तŒवका रूपमा मानेको छ । जोरोस्टर धर्मले ईश्वरलाई सहायताद्वारा असत्य शक्तिलाई विनास गरी जीवन सुख एवम् समृद्ध बनाउन उपदेश प्रदान गर्ने तŒवका रूपमा मानेको छ। कन्फ्युसियस धर्मले ईश्वरलाई आदर्श सामाजिक एवम् राजनीतिक व्यवहारको धर्म स्थापित गर्ने शक्तितŒवका रूपमा मानेको छ। शिन्तो धर्मले ईश्वरलाई प्रकृतिको उपासना, राष्ट्रप्रेम एवम् पवित्र आचरणको पाठ पढाउने तŒवका रूपमा मानेको छ । यहुदी धर्मले ईश्वरलाई परमेश्वरको आज्ञा पूर्ण पालना गर्न उपदेश दिने तŒवका रूपमा मानेको छ। क्रिश्चियन धर्मले ईश्वरलाई आत्माद्वारा परमात्माप्रति अगाध प्रेम स्थापित गर्ने उद्देश्य निर्माता मानेको छ । इस्लाम धर्मले ईश्वरलाई समस्त विश्वको शहंशाहा अल्लाहाप्रति निष्काम भावले आत्मत्यक्त एवम् शरणागति प्रदान गर्ने शक्तितŒवका रूपमा मानेको छ ।

विभिन्न धर्ममा ईश्वरको सन्देश मानी विभिन्न धर्मको सन्देश सामान्य व्यक्तिमा पुऱ्याइएको छ । धर्मले निर्धारण गरेको नैतिक, धार्मिक एवम् आध्यात्मिक स्वरूपले ईश्वरको स्वरूप निर्धारण हुने गरेको छ । यो अध्ययन विभिन्न धार्मिक चिन्तनको आधारमा कुलको नैतिक, धार्मिक एवम् आध्यात्मिक स्वरूपको अवस्था कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित रहेको छ ।

### उद्देश्य

विभिन्न धर्मका धार्मिक चिन्तनका आधारमा कुलको नैतिक, धार्मिक एवम् आध्यात्मिक स्वरूपको अवस्था पहिचान गर्नु नै यो अध्ययनको उद्देश्य हो ।

### अध्ययनको औचित्य

यस अध्ययनमा विभिन्न धार्मिक चिन्तनका आधारमा धर्ममा ईश्वरको स्वरूप कुल निर्माण प्रक्रियामा मानिसहरूको ईश्वरप्रति अभिव्यक्त भावना, ईश्वरको आगमनको मान्यता, आत्माको अस्तित्व एवम् भावि जीवनको आशा वा भाँती, सत् असत् तŒवको अस्तित्वका कारण, उत्तरदायित्व र मुक्तिको आधारलाई सैद्धान्तिक आधार बनाई अध्ययन गरिएको छ । यी सैद्धान्तिक आधारले यस अध्ययनलाई व्यवस्थित र स्तरीय तुल्याउन समेत सहयोग पऱ्याएका छन् । प्रस्तुत सैद्धान्तिक आधारमा अध्ययनलाई व्यवस्थित र स्तरीय बनाई व्याख्या तथा विश्लेषण गरि निष्कर्ष निकालिएको हुँदा अध्ययनको औचित्य रहेको छ ।

## सामग्री सङ्कलन विधि

समस्या कथनमा उल्लेख गरिएको समस्याको प्रमाणिक समाधानका लागि दुई प्रकृतिका सामग्रीको सङ्कलन गरिएको छ । पहिलो प्रकृतिका धार्मिक सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ र विभिन्न विद्वान्हरूका विचारलाई द्वितीयक सामग्रीका रूपमा लिई अध्ययन गरिएको छ। आवश्यक सामग्री पुस्तकालय विधिबाट सङ्कलन गरिएको छ ।

## सामग्री विश्लेषण विधि र सैद्धान्तिक आधार

सामग्री विश्लेषण सैद्धान्तिक आधारका लागि विभिन्न विद्वान्हरूद्वारा धर्म अध्ययनसम्बन्धी निर्माण गरेका सिद्धान्तहरूलाई आधार मानिएको छ । धर्ममा ईश्वरको स्वरूप निर्माण प्रक्रिया र परिवर्तनमा धार्मिक आस्थाको नैतिक, धार्मिक एवम् आध्यात्मिक स्वरूपको अवस्था कस्तो रहेको छ भन्ने कुराले निर्धारण गर्दछ। यस धर्तीमा धर्म मानव सभ्यतासँगै आएकोले मानव सभ्यताको क्रमसँगै धर्मका स्वरूपहरू बन्दै आएको पुरातत्वविद्हरूको भनाइ छ। धर्मका इतिहासका अध्यताहरूले मानव सभ्यताको पूर्वपाषाण कालमा मानिसको चेतनाको स्तर धर्मसम्म आइपुग्ने खालको थिएन भनेका छन् (टोकारेव, अज्ञात, पृ. ५११) । यसमा धर्मको सिद्धान्त र परिवर्तनको आधार प्रस्तुत भएको छ । विवेकानन्दको भनाइमा धर्म अनुभूतिको बस्तु हो (विवेकानन्द, १९८२, पृ. १३७) । यसले ईश्वरप्रति अभिव्यक्त भावनालाई उजागर गरेको छ । राधाकृष्णले धर्मबाट आत्माको मुक्तिको खोजी हुनु पर्ने बताएका छन् (राधाकृष्ण, १९२०, पृ. ५) । यसमा आत्माको अस्तित्व एवम् भावि जीवनको आशा वा भाँती प्रस्तुत भएको छ । योगानन्दका अनुसार धर्म शब्दको अर्थ कानुन हुन्छ.(योगानन्द, २००६, पृ. ५४४) । यसले सत् असत् तŒवको अस्तित्वको कारण खोजी गरेको छ । गुप्तले धर्मको सिद्धान्तको निर्माण वा परिवर्तनका आधारहरूलाई देशकाल, परिस्थिति, धर्ममा भिन्नता मान्नु र मानव स्वभाव मुख्य कारक तŒवको रूपमा रहेको बताएका छन्। उनले धर्मलाई केही न केही सुन्दरताको समग्रतामा हेरिनु पर्दछ भनेका छन् (गुप्त, २०००, पृ. १९) । यसमा उत्तरदायित्व र मुक्तिको आधारलाई प्रस्तुत गर्न खोजिएको छ । यस प्रकार विश्वका सम्पूर्ण धर्मको अध्ययन हितकारी हुने गरेको छ। ब्यासका अनुसार आफ्नो धर्मको अध्ययनले हामीलाई ताजगी एवम् शान्ति प्रदान गर्दछ भने अर्काको धर्मको अध्ययनले हामीलाई सत्य, सहिष्णुता र समभाव दिने गर्दछ (ब्यास, १९९६, पृ. ५) । यसमा धार्मिक चिन्तनको छाया देखिन्छ। यसै कारणले प्रत्येक धर्मको उत्पादक वा प्रवर्तकको आचार, विचार, उपदेश वा सिद्धान्तमा विविधता हुने गरेको छ। मानिसको चेतना फरक-फरक हुन्छ । अतः ईश्वरका प्रति उसको दृष्टिकोण पनि भिन्न-भिन्न रहन्छ । यही रूचि विभिन्नताका कारण धर्ममा भिन्नता आउने र नयाँ धर्मको उत्पादन हुने गर्दछ। यसबाट मानव स्वभाव र मान्यताका आधारमा धर्म र ईश्वरको अध्ययन गर्न सकिने आधार निर्माण भएको छ। यो अध्ययन विभिन्न धार्मिक चिन्तनका आधारमा धर्ममा ईश्वरको स्वरूप कुल निर्माण प्रक्रियामा मानिसहरूको ईश्वरप्रति अभिव्यक्त भावना, ईश्वरको आगमनको मान्यता, आत्माको अस्तित्व एवम् भावि जीवनको आशा वा भाँती, सत् असत् तŒवको अस्तित्वका कारण, उत्तरदायित्व र मुक्तिको आधारलाई सैद्धान्तिक आधार बनाई व्याख्यात्मक विधि पद्धति र ढाँचाको प्रयोगबाट गरिएको छ ।

## सीमाङ्कन

प्रस्तुत अध्ययनको मुख्यउद्देश्य धार्मिक चिन्तनका आधारमा कुलको नैतिक, धार्मिक एवम् आध्यात्मिक स्वरूपको अवस्था कस्तो रहेको छ त्यसको मात्र विश्लेषण गर्नु यसको सीमा रहेको छ ।

## नतिजा तथा बिश्लेषण (धर्ममा ईश्वरका स्वरूप निर्माण प्रक्रिया)

धर्ममा ईश्वरका स्वरूप निर्माण प्रक्रिया संस्थापक, संस्थापकको विशिष्ट लक्षण, सिद्धान्त, स्थान र जात-जातिका नामाकरणका आधारमा धर्मको निर्माण भइ ईश्वरीय स्वरूपको पहिचानमा आएको छ। जोरोस्टर वा कन्फ्युसियस धर्म संस्थापकको नामको आधारमा, जैन, बौद्ध एवम् क्रिश्चियन धर्म संस्थापकको विशिष्ट लक्षणको आधारमा, ताओ, शिन्तो, इस्लाम धर्म सिद्धान्तको आधारमा, हिन्दू धर्म स्थानको आधारमा र यहूदि धर्म जातिको आधारमा निर्माण भएको अवस्था छ । फरक-फरक धर्ममा ईश्वरको नाम, स्वरूप, गुण एवम् कार्य फरक-फरक मानिएको छ। फरक-फरक धर्ममा ईश्वरानुभूतिको

पहिचान पनि फरक-फरक रहेको छ । फरक-फरक धर्ममा ईश्वरानुभूतिको पहिचान फरक रहे तापनि ईश्वरलाई परमसत्ता सम्पन्न, अतीन्द्रिय, संसारका निर्माता र उपासनागर्दा प्राप्त गर्न सकिने जस्ता लक्षणहरू सबै धर्ममा रहेको छ । ईश्वरलाई परमसत्ताको रूपमा मानव शक्तिको स्वरूप भन्दा कयौँगुणा बढी, सर्वशक्तिमान एवम् सर्वगुण सम्पन्न मानिएको छ । ईश्वरलाई नयन, वाणी एवम् इन्द्रिय भन्दा फरक अनुभूति अथवा अतीन्द्रिय शक्तिद्वारा साक्षातकार गर्न सकिने मानियको छ । ईश्वरलाई संसारका निर्माता, संरक्षक एवम् दुर्जनको नाश गर्ने र संसारको कल्याण गर्ने मानिएको छ (सापकोटा, २०७२, पृ. २९) । ईश्वर उपास्य देव हुन् र ईश्वरको उपासना गर्नु पर्दछ भन्ने कुरा सबै धर्ममा समान रूपमा रहेको छ ।

धर्ममा ईश्वरको स्वरूप निर्माणको आधार परमसत्ता सम्पन्न, अतीन्द्रिय, संसारका निर्माता र उपासनागर्दा प्राप्त गर्न सकिने जस्ता समान र असमान लक्षणहरूको पहिचानबाट, संख्याको आधारमा एकल र अनेक पहिचानबाट, स्वरूपको आधारमा सगुण, निर्गुण, साकार, निराकार, सदेह, देहविहिन रहश्यात्मक पहिचानबाट, शक्तिको आधारमा सर्वशक्तिमान, सीमित शक्ति सम्पन्न, स्वच्छाकृत, अन्य सत्ताको कारणको पहिचानबाट, उत्तरदायित्वको आधारमा आफ्नो कार्यमा पूर्ण स्वच्छन्द, अनुत्तरदायी, स्वयम्को प्रति नैतिक उत्तरदायी, जगत्को प्रति उत्तरदायी पहिचानबाट र जीवनसँगको सम्बन्धको आधारमा जीवको निर्माता निर्मितिक, पिता, पुत्र, स्वामी, सेवक, राजा, देह, अङ्ग आदिको सम्बन्धको आधारमा गरिको छ ।

**धर्ममा ईश्वरीय भावना**

धर्ममा ईश्वरीय भावनाको निर्माण हरेक धर्ममा अतीन्द्रिय ज्ञानको आधारमा धर्मको मूल तŒवको रूपमा एक चरम सत्ताको अस्थित्वको स्वीकारसँग गाँसिएको छ (सापकोटा, २०७२, पृ. १४) । यस दृष्टिले प्रायः सबै धर्महरू समान रहेको अवस्था छ तर पनि अतीन्द्रिय ज्ञानको स्वरूपको विषयमा प्रत्येक धर्ममा भिन्नता छ । हिन्दू धर्ममा परमात्माको स्वरूप एवम् सङ्ख्याको बारेमा विभिन्न मान्यताको समन्वय भएको छ । यसमा बहुदेववाद, एकदेववाद, सर्वदेवमयवाद आदि विभिन्न मत देखिएको छ । परमात्माको स्वरूपलाई निगुर्ण एवम् सगुण दुई रूपको मानिएको छ । निगुर्णलाई ब्रह्मको नामद्वारा उपासना प्राथना गरी पुकारिन्छ । सगुणको भगवान मानी उपासना वा प्रार्थना गरिन्छ । जैन वा बौद्ध धर्ममा प्रारम्भमा ईश्वरको अस्तित्वको वारेमा चर्चा गरिएको छैन किनकि यसमा मूल संस्थापकलाई यस विषयको आवश्यकता महशुस नभएको अवस्था छ । महाबीरका अनुसार तीर्थकारको मार्गको अनुसरण गर्नेलाई परम सत्यको प्राप्त हुन्छ तथा बुद्धका अनुसार आध्यात्मिक अनुभव एवम् नैतिक जीवनसँग परमात्मा एवम् परम सत्यको ज्ञान प्राप्त हुन्छ । जैन धर्ममा यसको लागि अहिंसा र तपस्यालाई प्रधानता दिइएको छ । बौद्ध धर्ममा अष्टांग मार्गको अनुसरण गर्नु पर्ने कुरा बताइएको छ तथापि कालान्तरमा दुबै धर्ममा आफ्ना मूल संस्थापकको पूजा हुन थाले पछि उनलाई नै ईश्वर मानिएको छ । कन्फ्युशियस धर्म एक ईश्वरवाद एवम् नैतिक सिद्धान्तका आधारमा रचना गरिएको छ । यसमा ईश्वरको अस्तित्वलाई धेरै महŒव दिइएको छैन । मानवमा जति उपयोगी श्रेष्ठ भावनाको विकाश हुन सक्छ त्यति उसबाट सिद्धि, सद्गुण एवम् सदाचारको पालना हुन सक्दछ यसर्थ यसलाई एक परम तŒव स्वीकार गरिएको छ । आफ्नो गुण स्वरूपमा यो सर्वोपरी शासक हो अथवा निर्गुण स्वरूपमा आकाश बताइएको छ ।

ताओ धर्ममा एक अमूर्त, निराकार, गुढ एवम् व्यापक तŒवको उपासनाको उपदेश दिइएको छ । त्यस परम तŒवको ताओको नामद्वारा पुकारा गरिएको छ । उसको प्राप्ति निबृत्तिमार्गद्वारा ध्यान गर्नाले हुन सक्छ । जोरोस्टर धर्ममा एक मात्र विश्व शान्तिको कामना गरिएको छ, जसलाई अहुरमजद भनेर

पुकारा गरिन्छ । अग्रमर्यन्यु नामक आशुरी शक्तिको अस्तित्व पनि यस धर्मले मानेको छ तर यो उच्च तŒवका रूपमा छैन । मानव मात्रले अहुरमजदको उपासना गर्न सुझाइएको छ । अहुरमजद अन्तर्गत नै उसको विभूतिका रूपमा धेरै देवता समावेश गरिएको छ ।

यहुदी, किश्चियन र इस्लाम एक ईश्वरवादी रहेको अवस्था छ । यहुदीले जेहोवाद, किश्चियनले परम्कृपालु पिता र इस्लामले अल्लाहाको नामद्वारा ईश्वरको प्राथना गरेको अवस्था छ । विचारधारा एक ईश्वररवादी हुँदाहुँदै पनि यी तीन धर्ममा ईश्वरको स्वरूप वा उसप्रति भावनात्मक विभेद रहेको छ । यहुदी धर्ममा परमशक्तिमान एवम् न्यायप्रिय ईश्वरको आज्ञा अनिवार्य रूपमा मान्नु पर्ने बताइएको छ । किश्चियन धर्ममा ईश्वरको नियमको प्रेमपूर्ण पालना गर्नु पर्ने बताइएको छ । यदि मनुष्यले ईश्वरको नियमको पालना नगरे जीसस स्वयम् कष्ट सहन गरी व्यक्तिको पाप पखाल्दछन् भनिएको छ । ईश्वरले आत्मामा प्रेम उत्पन्न गर्दछन् र ईश्वरको साम्राज्यको विस्तार गर्दछन् भनिएको छ । इस्लाममा एक अल्लाहलाई मान्दै हजरत मोहम्मदको जो अल्लाहको पैगम्बर हो उसको उपदेशको अनुशरण गर्दै अल्लाहको मेहरबानीको मजहबको प्राप्तिको बिधान छ ।

हिन्दू धर्म अन्तर्गत कुल पूजामा परमात्माको स्वरूप एवम् सङ्ख्याको बारेमा विभिन्न मान्यताको समन्वय भएको छ । यसमा बहुदेववाद, एकदेववाद, सर्वदेवमयवाद आदि विभिन्न मत मिसिएको देखिएको छ । परमात्माको स्वरूपलाई निगुर्ण एवम् सगुण दुई रूपको मानिएको छ । निगुर्णलाई कुलको नामद्वारा उपासना प्राथना गरी पुकारिन्छ । सगुण अन्तर्गत विश्व ब्रह्माण्डका शक्तिलाई भगवान मानी उपासना वा प्रार्थना गरिन्छ ।

**ईश्वर आगमनको मान्यता**

ईश्वर आगमनको मान्यतामा केही धर्मले ईश्वरलाई पूर्णतः निर्गुण निराकार, अव्यक्त मानेको छ तर केही धर्मले सगुण र केही धर्मले दुबै मानेको छ । जुन धर्मका अनुयायी सगुण ईश्वरको सत्तामा विश्वास राख्दछन् तिनीहरूले ईश्वर स्वयम् मानवताको उद्धारको हेतु अवतरित हुन्छन् भन्ने मान्यता राखेको पाइन्छ । यिनीहरूमा पनि अवतारको स्वरूपमा मतभेद छ (सापकोटा, २०७२, पृ. १५) । हिन्दू धर्मको उपनिषदमा तŒवज्ञान, जगत्को अनित्य पदार्थ एवम् समस्त जीवात्मालाई नित्य ब्रह्म मानिएको छ । लोकप्रचलित हिन्दू धर्ममा अनेकौं देवी देवता, ब्रह्मा, विष्णु, शिवका अनेक अवतारको मान्यता रहेको छ । गीतामा अवतारवाद एवम् बिभूतिवादको अत्यन्त सुन्दर वर्णन गरिएको छ । जैन र बौद्ध धर्ममा प्रारम्भमा ईश्वरलाई स्वीकार गरिएको छैन तर पछि महाबीर एवम् बुद्धलाई अवतारी पुरूषका रूपमा मानिएको छ । दुबैमा यसभन्दा पहिला २३ अन्य अवतारको मान्यता पनि स्वीकार गरिएको छ ।

इस्लाम धर्ममा अल्लाहालाई असीमतŒव मानिएको छ, परन्तु यसमा पनि अवतारको मान्यता स्वीकार गरिएको छ । पैगम्बर मोहमदको अलवा अन्य पैगम्बरहरूलाई अवतारी पुरूष वा ईश्वरीय दूत मानिएको छ । क्रिश्चियन धर्ममा जीससलाई अपूर्व अवतारी पुरूष मानिएको छ । जीसस ईश्वरका पुत्र हुन् अथवा उनका चरित्र मानवीय हुँदा हुँदै पनि ईश्वरीय छन् भन्ने मान्यता रहेको छ । शीन्तो धर्ममा राजालाई सूर्य देवताका पुत्र मानिएको छ । यस प्रकार केही धर्ममा आफ्नो धर्म संस्थापकलाई ईश्वरको रूपमा र केहीमा ईश्वरको अवतारको रूपमा मानिएको छ । प्रायः सबैमा आविर्भाव अलौकिक गाथामा प्रचलित देखिन्छ । लोकप्रचलित हिन्दू धर्ममा अनेकौं देवी देवता, ब्रह्मा, विष्णु, शिवका अनेक अवतारको मान्यता दिइएको छ जसमा कुल पनि यसै अन्तर्गत पर्दछन् ।

## आत्माको अस्तित्व एवम् भावी जीवनको आशा वा भाँती

आत्माको अस्तिŒव एवम् भावी जीवनको आशा वा भाँतीले धार्मिक प्रवृत्ति एवम् तŒवज्ञानको प्रारम्भमा नै मानवको मृत्युको विषयमा चिन्तन गर्न प्रेरित गरेको छ । मृत्युको विचार गर्दा स्वभाविक विचार उत्पन्न हुन्छ कि के मृत्यु नै जीवनको। अन्त्य हो ? मृत्युको पछि कुन स्थिति हुन्छ ? आत्माको अस्तित्व छ वा छैन ? मृत्युको पछाडि आत्मा रहन्छ रहँदैन ? यस प्रकारको विचार सबै धर्मले गरेको छ । मृत्यु पश्चात् आत्माको अस्तित्व स्वीकारलाई दुई प्रकारले हेरिएको छ । एउटा धर्म जुन मृत्युको पश्चात् कर्मको आधारमा पुनर्जन्मको सिद्धान्त स्वीकार गर्दछ, अर्को धर्म एक जन्मको सिद्धान्त मात्र मान्दछ (सापकोटा, २०७२, पृ. १५) । यस प्रकार जीवन अर्थात् मृत्युको प्रश्नमा मृत्युपश्चात्को जीवनको वर्णन एवम् आवश्यकताका विषयमा विभिन्न धर्ममा विभिन्न अभिप्राय दृष्टिगत हुन्छ यसर्थ सबै धर्मले स्वर्ग अथवा नरकको अस्तित्व र आत्माद्वारा कर्मानुसार तिनको प्राप्तिलाई स्वीकार गरेको छ ।

हिन्दू धर्मको मान्यतानुसार शुभमकर्मद्वारा स्वर्ग एवम् अशुभकर्मद्वारा नरकको प्राप्ति हुन्छ । पुण्य अथवा पापको क्षय भएपछि आत्माले पुनः जन्म लिनु पर्दछ यसप्रकार कर्म बन्धनद्वारा भवचक्र चलिरहन्छ । निष्काम कर्म, ज्ञान, भक्ति एवम् उपासनाद्वारा मोक्षप्राप्त भई पुनः जन्म नहुने कुरा उल्लेख छ । आत्माले दिव्य एवम् नैसर्गिक स्वरूप प्राप्त गरी परमात्मासँग उसको तादात्म्य वा मिलन हुने गर्दछ । बौद्ध धर्मले पनि कर्म एवम् पुनर्जन्मको सिद्धान्त हिन्दू धर्मले जस्तै मान्दछ । यसले तृष्णालाई कर्मको मूल मान्दछ । तृष्णाको त्याग गर्नाले निर्वाणको प्राप्ति हुन्छ । निर्वाण सर्व विकार रहित पूर्णताको स्थिति हो । प्रायः यही मत जैन धर्ममा पनि मिल्दछ । कन्फ्युसियस धर्ममा सदाचारलाई महŒव दिइएको छ । यसमा स्वर्ग वा नरकको बारेमा विचार गरिएको छैन । महात्मा कन्फ्युसियसले वर्तमानलाई नै महŒव दिएको अवस्था छ । ताओ धर्ममा मोक्षको बारेमा वर्णन छ । मोक्ष हुनु भनेको ताओ परमसत्तामा मिल्नु हो ।

जोरोस्टर इस्लाम धर्ममा यो सामान्य छ कि मृत्युको उपरान्त परमात्मा आत्माको कर्मानुसार शुभ वा अशुभ फल दिन्छ । दुबैमा न्याय दिवसको वर्णन मिल्दछ । दुबैमा स्वर्गको रमणीय एवम् नरकको विभत्सताको विस्तृत वर्णन गरिएको छ । इस्लाम धर्ममा स्वर्ग वा नरकमा स्थायी रूपमा रहनु पर्ने मान्यता रहेको छ भने जोरोस्टर धर्ममा नरकदेखि मुक्तिको बिधान छ । यहुदी धर्ममा स्वर्ग एवम् नरकको तथा न्याय दिवसमा विश्वास गरिएको छ । यही कुरा क्रिश्चियन धर्मले पनि स्वीकार गरेको छ । जो मानिस उत्तम छ ऊ परमपिता परमात्मासँग घनिष्ठ सम्बन्धमा रहन्छ वा उसले आनन्दलाई प्राप्त गर्दछ । जो मानिस असहज वृत्तिवाला हुन्छ ऊ परमात्माबाट छुटेर नाना प्रकारका कष्ठ उठाउँदछ । मानिस जस्तो बीज रोप्दछ उस्तै फल पाउँदछ । जीससका अनुसार पापको फल मृत्यु र परमात्माको कृपा अमर जीवन प्राप्ति हो ।

हिन्दू धर्मले शुभकर्मद्वारा स्वर्ग एवम् अशुभकर्मद्वारा नरकको प्राप्ति हुने स्वीकारे जस्तै कुलको पूजाले शुभकर्म प्राप्ति हुने मान्यता रहेको छ । निष्काम कर्म, ज्ञान, भक्ति एवम् उपासनाद्वारा कुलको पूजाले पापको क्षय भइ पुण्य प्राप्त गर्ने विस्वास रहेको छ ।

## असत् तŒव (दुःखको अस्तित्व)।

असत् तŒव (दुःखको अस्तित्व) स्वीकारका दृष्टिले प्रत्येक धर्म वा संसारमा असत् तŒव एवम् दुःखको अस्तित्व स्वीकार गरिएको छ । त्यसको निवारणको उपाएहरू पनि बताइएको छ । यसको स्वरूप, कारण, उत्तरदायित्व एवम् यसबाट मुक्तिको उपाएको बारेमा विभिन्न मत रहेको छ ।

**(क) स्वरूप**

हिन्दू धर्ममा असत तŒवलाई अज्ञात एवम् अहंकारजन्य मानिएको छ। यो मिथ्या वा भ्रम स्वरूप हो अतः ज्ञानको प्राप्तिबाट यसको अन्त्य हुन्छ (सापकोटा, २०६२, पृ. १) । जैन धर्मका अनुसार समस्त, जड जगत दुःख स्वरूप हो (जै.वि.वि., २०१०, पृ. १०५) । बौद्ध धर्म दुःखका बारेमा अत्यधिक महŒव दिन्छ । यसका अनुसार समस्त विश्व दुःखको कारण हो । जीवन दुःख स्वरूप हो (डङ्गोल, २०६८, पृ.९५) । कन्फ्युसियस धर्मका अनुसार असत् तŒव वा दुःख धेरै मात्रामा छैन । मानिस स्वभावत उत्तम हुन्छ (गोस्वामी, २०६४, पृ. ५७६) । ताओ धर्मका अनुसार असत् तŒव संसारमा केही मात्रामा विद्यमान छ, त्यसको उपेक्षा गर्नु पर्दछ (गोस्वामी, २०६४, पृ. १६८) । जोरोस्टर धर्म आधा विश्वलाई दुःख रूप एवम् असत्को रूपमा स्वीकार गर्दछ । यसमा सत् एवम् असत् तŒवको संघर्ष प्रधान्य छ ( गोस्वमी, २०६४, पृ. १६८) । क्रिश्चियन धर्मका अनुसार असत् तŒव मानव जीवनमा सर्वत्र ब्याप्त भएर तŒवका रूपमा छ । मानिस प्रारम्भमा उत्तम एवम् शुद्ध रहेको मान्यता छ, पछि उसले पाप कर्म गरेकाले परिणामत दुःख स्वरूपको भागी भएको छ । (गोस्वामी, २०६४, पृ. १६८) । इस्लाम धर्मका अनुसार असत् तŒवको अस्थित्व काफिर मानिसका लागि हो (स्वमी, २०६५, पृ. ३०) । असत् तŒवको स्वरूपलाई भिन्न-भिन्न धर्ममा भिन्न-भिन्न प्रकारले लिइएको छ । कुलपूजामा असत तŒवलाई अज्ञात एवम् अहंकारजन्य मानि सततŒवको पूजा गर्नुपर्ने मानिएको छ ।

**(ख) कारण**

हिन्दू धर्मका अनुसार दुःखको कारण यथार्थ ज्ञानको अभावमा देखिने भ्रम एवम् अहंकार हो ( सापकोटा, २०६२, पृ. १२) । बौद्ध धर्ममा दुःखको कारण तृष्णालाई मानिएको छ । जैन धर्मका अनुसार जीवात्मा शुद्ध स्वरूप र भौतिक देह दुःख स्वरूप हो । कन्फ्युसियस धर्म नियमको आचरण नगर्दा दुःखको अस्तित्व मान्दछ । समाजमा जुन अनिष्ठ तŒव छ त्यो नै दुःखको कारण हो । जोरोस्टर धर्म अह्रमानको वर्चश्व एवम् उसको पथको अनुसरण दुःखको कारण बताउँछ । क्रिश्चियन धर्मले इच्छा स्वतन्त्रको स्वार्थलाई दुःखको मूल कारण मान्दछ । इस्लाम धर्मको मान्यता अनुसार अल्लाहको आदेशको उल्लंघन गर्नु दुःखको कारण हो । असत् तŒवको कारणलाई भिन्न-भिन्न धर्ममा भिन्न-भिन्न प्रकारले लिइएको छ । कुलपूजा दुःखको कारण यथार्थ ज्ञानको अभावमा देखिने भ्रम एवम् अहंकार हटाउन गर्नुपर्ने मानिएको छ ।

**(ग) उत्तरदायित्व**

हिन्दू धर्मका अनुसार असत् तŒवको लागि कोही पनि उत्तरदायी छैनन् (सापकोटा, २०६२, पृ. १२) । अज्ञान अनादि कालदेखि रहिआएको छ यद्यपि यसको अन्त हुन सक्दछ । यही बौद्ध धर्मको पनि मान्यता हो । जैन धर्म जड्तŒवलाई दुःखको उत्तरदायी ठान्दछ । जोरोस्टर धर्मको मान्यता अनुसार अह्रमान जगत्मा असत् तŒवका लागि उत्तरदायी छ । कन्फ्युसियस, क्रिश्चियन, इस्लाम एवम् ताओ धर्म यसको लागि मानिसलाई उत्तरदायी मान्दछ । असत् तŒवको उत्तरदायित्वलाई भिन्न-भिन्न धर्ममा भिन्न-भिन्न प्रकारले लिइएको छ । कुलपूजा अज्ञानको अन्त गर्न गर्नुपर्ने बताइएको छ ।

**(घ) मुक्ति साधन**

हिन्दू धर्मका अनुसार असत्को मुक्तिका लागि कर्म, ज्ञान, भक्ति एवम् प्रबृत्तिको मार्गको प्रतिपादन गरिएको छ (सापकोटा, २०६२, पृ. १२) । बौद्ध धर्मका अनुसार बासनाको बिनास नै यसको उपाए हो । यो आठ प्रकारको नैतिक नियमको पालना गर्नाले मात्र सम्भव छ । यसलाई अष्टांगिक मार्गका नामले चिनिन्छ । जैन धर्ममा तप, संयम एवम् इन्द्रिय दमन मुक्तिको साधन मानिएको छ । जोरोस्टर धर्मका अनुसार अहुरमजदको पथको अनुसरण गरेर अर्थात् उत्तम विचार, उत्तम वाँणी, उत्तम कर्मद्वारा असत्को मुक्ति हुन्छ । कन्फ्युसियस धर्ममा सौजन्य, सहकार्य तथा नैतिक एवम् सामाजिक नियमको पालना यसको उपाए हो । ताओ धर्मले आफ्नोयसका लागि अब्यक्त ताओ मार्गको अनुसरणको बिधान निर्धारण गरेको छ । क्रिश्चियन धर्मले परस्पर प्रेम एवम् सौहार्द समाजसेवा एवम् ईश्वर कृपालाई यसको साधन मान्दछ । इस्लाम धर्ममा अल्लाहको पैगम्बर हजरत मोहम्मदद्वारा प्रदर्शित मार्गको अनुसरण गर्नु यसको उपाय मान्दछ । असत् तŒवको मुक्तिको साधनलाई भिन्न-भिन्न धर्ममा भिन्न-भिन्न प्रकारले लिइएको छ । कुलपूजा असत्को मुक्तिका लागि कर्म, ज्ञान, भक्ति एवम् प्रबृत्तिमार्गको प्रतिपादन गर्न गर्नुपर्ने बताइएको छ ।

## ईश्वरको स्वरूप कुल

विश्वमा अस्थित्वमा आएका व्यक्ति र तिनीहरूले जीवन निर्वाहको क्रममा प्रयोगमा ल्याएको समग्र शक्तिलाई ईश्वरको स्वरूप मान्दा कुललाई ईश्वरको रूपमा स्वीकार गरिएको छ । नेपाली शब्दकोशमा कुलदेवताको अर्थ परम्परादेखि मानिआएका देवता, पूर्ख्यौली देवता (पोखरेल र अन्य, २०७२, पृ. २३९) कुलका देवता, पूर्खादेखि पूजा गरिएका देवता, देवाली वा गोठाधुपमा पूजा गरिने देवता (अधिकारी र भट्टराई, २०६८, पृ. १७८) मानिएको छ । इष्ट देवता र कुलदेवता दुवैलाई एकै रूपमा लिन सकिन्छ । कुलपरम्परादेखि पूजिएका देवतालाई कुलदेवता भनिएको छ । यसै बिषयमा यजुर्वेदमा इष्टकाहरूको पूजाका लागि स्तोमहरूको स्थापना गर्ने गरिएको छ । स्तोमहरू यज्ञका सहायक भएर हामिलाई अभिष्ट फल सवै प्राप्त गराउछन् ( लुइटेल, २०६३, पृ. १९४) भनिएको छ ।

कुलपूजासँग सम्वन्धित अर्का देवता भैरवनाथलाई क्षेत्रपाल (लोकपाल, दिक्पाल ) देवता भनिएको छ । यिनलाई शहरहरूका चार दिशाहरूमा स्थापना गरिएको छ । क्षेत्रपाल नाम अनुसार यिनले आफ्नो क्षेत्रको र त्याहाँका वासिन्दाहरूको रक्षा गर्दछन् भन्ने जनविश्वास छ । वेद र पुराणहरूमा वर्णित देवीदेवताहरूका साथ क्षेत्रपाल देवताको पूजा उपासना अनादिकालदेखि हाम्रो समाजमा प्रचलित रहिआएको छ । जसलाई विध्नहरूका नाश गर्ने उद्धारक देवताका रूपमा मान्ने नेपाली परम्परा छ ( चालिसे, २००४, पृ. ९२) । कुलपूजासँग सम्वन्धित शक्तिका पूजाका वारेमा वेद, पुराण, उपनिषद र स्मृतिशास्त्रहरूमा शक्ति शब्दको प्रयोग देवी, पराशक्ति, ईश्वरी, मूलप्रकृति आदि नामवाट निर्गूण र सगूण ब्रह्म दूवैका लागि गरिएको छ । पुराणहरूमा यिनलाई योगेश्वरी, योगनिन्द्रा, योगमाया, माहामाया, महानिन्द्रा, प्रकृति आदि नामवाट चिनाइएको छ । यस्तै शक्तितŒव ब्रह्मतŒवसँग अभिन्न छ । एउटै परमतŒवलाई निर्गुण, सगुण, निराकार, साकार, देव, देवी, ब्रह्मा, शिव, शक्ति, नारायण, नृसिंह आदि अनेक नामरूपवाट परिचित गराइएको छ ।

श्रीमद्भगवद्गीताको प्रथम अध्यायको ४४ श्लोकमा कुलधर्म लोप भएमा मानिसहरूको अनन्त कालसम्म नरकमा बास हुन्छ भनिएको छ (अज्ञात, पृ. ५३) । प्रेतकल्प गरूण पुराणमा कुलको बृद्धि र प्रकाशमानतालाई जोड दिइएको छ (भट्टराई, २०१८, पृ. २७७) । अग्निमा देवताका नाममा समिधा या आहुति समर्पण गर्ने कार्य नै देवयज्ञ हो । आपस्तम्भ वौद्घायन र गौतम धर्मसुत्रले देवताको नाम लिएर

स्वाहा शब्दको उच्चारण गर्दै अग्निमा कम्तिमा एउटा समिधा हाल्नु नै देवयज्ञ हो भनेर लेखेका छन् । धर्मसुत्रहरूमा प्रायः जसोले देव यज्ञका देवताहरूको नाम सूर्य, अग्नि, प्रजापति, सोम, वनस्पति, इन्द्र, धन्वतरी र ब्रह्मा लेखेको छ । देवयज्ञ र देवपूजा फरक फरक कार्य हुन् भन्ने कुरा स्मृतिहरूमा बताइएको छ । वैदिक युगमा देवपूजाको ठाउँमा देवयज्ञकै प्रचलन रहेको छ । मूर्ति पूजाको परम्परा व्यापक हुनु अगाडिको युगमा देवयज्ञ व्यापक रूपमा रहेको छ । मूर्ति पूजाको अत्यधिक विकाश भए पछि भने देवयज्ञको परम्परामा क्रमशः कमी आउन सुरु भएको छ । यज्ञवल्क्यले तर्पण र देवपूजा पछिमात्र देवयज्ञ गर्ने चलन रहेको उदाहरण यज्ञवल्क्य स्मृतिशास्त्रमा दिएको अवस्था छ ( क्षत्री र खतिवडा, २०५४, पृ. १९३) । कुलपूजालाई देवयज्ञको रूपमा पनि स्वीकार गरिएको छ ।

मष्टा मष्ट या मष्टो एकै रूपमा प्रयोग हुने नेपाली भाषका शब्दहरू हुन् । यी तीनै शब्द नेपालको पश्चिमी खण्डका मानिसहरूले मान्ने कुलदेवताको रूपमा लिइएको छ । वृहत्त नेपाली शब्दकोषले मष्टाको अर्थ सूदुर पश्चिमाञ्चल भेगका (सेती, भेरी, कर्णली, महाँकाली) खसहरूले मान्ने परम्परागत कुलदेवता भन्ने लगाएको छ । पूर्वी नेपालका केही ब्रह्माण क्षत्री जात भएका मानिसहरूले पनि कुल पूजागर्दा मष्टा देवतालाई पूजा गर्ने गरेको अवस्था छ (क्षत्री र खतिवडा, २०५४, पृ. १२०) । मष्ट देवताको उत्पत्तिका सम्वन्धमा अनेकौ किम्वदन्तीहरू स्थानिय रूपमा पाइएको अवस्था छ । यस्ता किम्वदन्तीहरू अनुसार प्राचीन युगमा राक्षसहरूको प्रकोप अत्यधिक रूपमा बढे पछि देवताहरूले नै मष्टको अवतार लिनुपरेको उल्लेख छ ।

कुलपूजामा धामिका रूपमा काम्ने मष्टको उपासना हुने सबै क्षेत्रमा धामिद्वारा मष्टो पूजा हुने गरेको छ । मष्टलाई धामिको शरीरमा आव्हान गरिन्छ । धामिको शरीरमा मष्ट आए पछि यस्ता धामिले मष्ट पूजा गर्ने, जोखाना हेर्ने, अभिर्युक्त पत्तालगाउने, रोग पत्तालगाउने र निकोपार्ने काम गरेको अवस्था छ । मष्ट पूजाको समयमा बाजा बजाउने, ढोले र भाषेको काम गर्ने, खावाको ब्यबस्था हुन आबश्यक ठानिएको छ (क्षत्री र खतिवडा, २०५४, पृ. १२३) । कुलपूजाको परम्परा वेदकालीन समयदेखि नै चलिआएको अवस्था छ । वेदकालीन समयका मानिसहरूको बसोवास, रीतिरिवाजको अवस्था र अहिलेको समयका हामीहरूका बसोबास र रीतिरिवाजका बारेमा समय क्रमसगै परिवर्तन हुँदै जानुलाई सहजरूपमा लिनु पर्ने हुन्छ । वेदकालीन समाजका मानिसहरूको मुख्य बसोवासको थाकथलो जँङ्गल र नदी किनाराहरू रहेका छन् भने आजका मानिसहरू भिडभाड र अस्तव्यस्त शहरी इलाकामा बसोवास गर्ने गरेको अवस्था छ । त्यस्तै वेदकालीन समयका मानिसहरू जँङ्गलको छेउछाउमा बस्ने जङ्गली फलफूल तथा कन्दमूल खाएर आफनो जीवन निर्वाह गर्ने उनीहरूको मुख्य आवश्यकता सुरक्षित रहनु नै मानिएको छ । त्यस समयका मानिसहरूले आफूलाई सहयोग प्रदान गर्ने शक्तिलाई देव शक्ति र दुःख दिने शक्तिलाई राक्षसको रूपमा हेरेको अवस्था छ । यो सम्पूण विश्व संरचनालाई शक्तिबाट सञ्चालित रहेको र संचालन गर्ने प्रकृयाका लागि बिभिन्न शक्तिहरूको आवश्यकता पर्ने ठानिएको छ ।

विश्व संरचनाका सम्पूर्ण चिजको आफ्नो-आफ्नो स्थान रहने र हरेकलाई उसको स्तर सुहाउँदो बस्ने ठाऊँ, कामको ब्यवस्था मिलाईएको अवस्था छ । विश्व संरचनाका सम्पूर्ण शक्तिका अधिकारीलाई खुसी गराएर शक्ति प्राप्त हुने कुराको विश्वास रहेको छ । यो संसार एउटा मेशिनका रूपमा रहेको यसलाई सञ्चालन गर्न यसका हरेक पार्टपूर्जाको आफ्नो-आफ्नो ठाउमा महŒव रहेको मानिएको छ । देवशक्तिलाई एउटा पार्ट र मानब शक्तिलाई अर्को पार्टमा राखिएको छ । मानिसले आफुले गर्नु पर्ने काम भनेको देवशक्तिलाई आवश्यक रहने होम र पूजा गर्नु हो भने देवशक्तिले गर्नु पर्ने काम भनेको मानिसले गरेको पूजा र होमका आधारमा मानिसलाई अनिवार्य फल प्रदान गर्नु हो । एकले अर्कोलाई सहयोग गर्नुपर्ने कुराको उदाहरणको रूपमा वेदलाई लिन सकिन्छ । यउटा शक्ति बिना अर्को शक्ति अपुरो र अधुरो

रहने कुराको उदाहरणको रूपमा वेदकालीन समाजलाई लिँदा यो संसार रूपी मेशिनलाई चलाउन पूजा पाठको महŒव छ । पूजा पाठको त्यस मान्यतामा कुलपूजाको लागि सम्पूर्ण देब शक्ति एकै ठाउँमा भौतिक रूपमा उपस्थित हुन नसके पनि मानसिक रूपमा उनीहरूको उपस्थितिको कल्पना गरी बिभिन्न देवी देवतालाई आफ्नो-आफ्नो स्थान दिने क्रममा स्तोमहरूको रचना गरिएको र उनीहरूको शक्ति र स्थान अनुरूप स्तोमहरूको रचना गरी पूजा गर्ने प्रचलन रहेको अवस्था छ ।

स्तोम पूजा शक्तिको केन्द्रीकरण र विकेन्द्रीकरण दुवैमा आधारित छ । यसले शक्तिका बिभिन्न रूपमा शक्ति रहेको मानी शक्तिको विकेन्द्रीकरणलाई स्वीकार गरी त्यसलाई एक ढिक्का पारेर एकै ठाउँमा जोडेर विकेन्द्रीत शक्तिलाई केन्द्रीकरण गरेको छ । त्यसको पुष्टि यज्ञकै फलस्वरूप हामिलाई एक, तीन, पाँच, सात, नौ, एघार, तेह्र, पन्ध्र, सत्र, उन्नाइस, एक्काइस, तेइस, पच्चिस, सत्ताइस, उनन्तीस, एकतीस र तेत्तीस संख्याका स्तोमहरू सहायक भएर अभिष्ट फल प्राप्त गराउँने भनी मानिएको छ (लुइटेल, २०६३, पृ. १९४) । त्यस्तै चार, आठ, बाह्र, सोह्र, चौवीस, अठ्ठाइस, बत्तीस, चवालीस र अठ्चालिस संख्याका स्तोमहरू यस यज्ञका सहायक भएर हामिलाई अभिष्ट फल सवै प्राप्त गराउने मानिएको छ ( लुइटेल, २०६३, पृ. १९४) । यसले स्तोमको संख्या ३३ र ४८ हुने कुरा प्रमाणित गरिदिएको छ ।

यजुर्वेदका अनुसार कुनै पनि स्थान, जात वा थर बिशेष कुलपूजा वा इष्टपूजा फरक नहुने र कुलपूजालाई आफ्नो रक्षाका लागि गर्नु पर्ने कुरा त्रिवृत्त सतोमद्वारा ब्रह्माको मृत्युबाट रक्षा भएको, पञ्चदश स्तोमद्वारा क्षत्रियको मृत्युबाट रक्षा भएको, सप्तदश स्तोमद्वारा वैश्यहरूको मृत्युबाट रक्षा भएको, एकविस स्तोमद्वारा वर्षा र वायुको मृत्युबाट रक्षा भएको, चतुविंश स्तोमद्वारा पशुको मृत्युबाट रक्षा भएको, पञ्चविंश स्तोमद्वारा गर्भमा रहेका प्राणिहरूको मृत्युबाट रक्षा भएको, त्रिणव स्तोमद्वारा प्रजाको शक्तिको रक्षा भएको, चतुष्टोम स्तोमद्वारा सवैमानिसले विचरण गर्ने गरेका दिशाहरूको रक्षा भएको, चत्वारिशत स्तोमद्वारा प्रजालाई मृत्युबाट रक्षा भएको, त्रयस्त्रिशत स्तोमद्वारा सम्पूर्ण प्राणिलाई मृत्युबाट रक्षा भएको भन्ने पुष्टि गरेको छ ।

समग्र हिन्दू धर्मावलम्बीहरूको कुलपूजामा एउटै विधान निर्धारण गरिएको छ । त्यसैले कुलपूजालाई स्थान, जात वा थर बिशेष नभई सबै स्थान, जात वा थरको एउटै विधानमा आधारित भई गर्नु पर्ने प्रष्ट छ । धामी काम्ने चलन भएका ठाउँमा गुरुद्वारा ज्ञान प्राप्त गराई एक ठाउँ र अर्को ठाउँका धामीहरूमा समझदारी विकास गरी ज्ञानको बृद्धिमा सहयोग पुग्ने वातावरणको सिर्जना गर्नु आवश्यक छ । मष्टलाई मामा भान्जा तेरो मेरो होइन देवताका रूपमा मानिएकाले मेरा मष्ट यी हुन् भन्नु भन्दा सवै मष्ट सवै थर वा जातले पुज्न योग्य हुन् भन्ने भावना विकास गर्नु आवश्यक छ । देव शक्ति कै रूप मष्ट शक्ति हुन् त्यसैले मष्टलाई प्रेतŒवका रूपमा नभई देव शक्तिको रूपमा हेर्नु पर्ने आवश्यक छ । कुलपूजामा सम्पूर्ण देवता वा शक्तिलाई आफ्नो-आफ्नो स्थान दिई आदरभाव पूर्ण रूपले सम्मान गरिएको छ । त्यसैले अन्य पूजा भन्दा कुलपूजा विशिष्ट र उच्च श्रेणीको पूजा हो । कुलको अर्थ समग्रमा आधारित भए जस्तै कुलपूजा पनि सम्पूर्ण शक्तिको पूजा हो । यो वेदकालीन समयदेखि हालसम्म प्रचलनमा रहि आएको छ । यो नै कुलपूजाको आधार पनि हो । कुलपूजामा मष्टसँग सम्पूर्ण शक्तिको पूजा हुने हुँदा धार्मिक चिन्तनको ईश्वरीय स्वरूप कुलपूजा हो ।

कुललाई ईश्वरको स्वरूप मान्नाको मुख्य कारण हाम्रा देखापरेका, भविश्यमा देखापर्ने सबै खालका शत्रूहरूलाई कुलले रोकिदिने मानिएको छ । हामीलाई अपमानित नगरिकन चाहिएको वर प्रदान गर्ने, मार्ग दर्शन गराउने त्यसो भएपछि हामी सबै शत्रूलाई विनाश गर्नमा समर्थ हुने मानिएको छ । हामीलाई कुलले उत्तम सुख दिने मानिएको छ । कुलले प्राणीहरूका लागि विचरण गर्न योग्य पृथ्वी, प्रभामण्डललेयुक्त

अन्तरिक्ष, स्वर्गीय आनन्द प्रदाता, द्युलोक र सबैतिर व्याप्त रहेका दिशाहरूलाई रक्षा गरिदिने मानिएको छ । मनको मननशक्ति, समस्त संसारमा व्याप्त हुने गुण, नाडिहरूद्वारा शरीरमा व्याप्त प्राणवायु, समुन्द्रजस्तै गम्भीर मन र मुखबाट निस्केको वाँणी समेत कुलबाट प्राप्त भएको मानिएको छ । जल, पृथ्वी, आकाश, पाताल, दिशाहरू र देदिप्यमान विद्युत कुलबाट प्राप्त भएको मानिएको छ । शरीरलाई बचाउने अन्न, शरीरलाई तृप्तपार्ने जल, कर्मबाट निवृत्त गर्ने रात्री, विशिष्ट व्यापारका प्रवर्तक दिनहरू, विस्तृत द्युलोक, गमन गर्न योग्य पृथ्वी र अत्यन्त शब्द निकाल्ने वायुदेवतालाई पनि कुल मानिएको छ । बाल्य आदि उमेर, जठराग्नि, प्रचुर ऐश्वर्य प्रदायक स्वर्ग, विभिन्न किसिमका मानिसहरू शोभायमान भूतल, सूर्यको रश्मिले व्याप्त अन्तरिक्षलाई कुलको रूपमा मानिएको छ । ढुङ्गामाटो, खाडल, जल, अन्नको रूपलाई कुल मानिएको छ । विचार, रूप, बुद्धि, सम्पत्ति, तेजलाई कुलको रूपमा मानिएको छ । कृषि, वर्षा र बीजबाट उत्पन्न हुने अन्नलाई कुल मानिएको छ (लुइटेल, २०६३, पृ. १८७) । शुभकार्यका लागि, श्रेष्ठआचरणका लागि उत्तमविचारका लागि, भोकनिवारण गर्नका लागि, उत्तम कान्तिका लागि र क्रान्तिकारी परिवर्तनका लागि कुलपूजाको आवश्यक ठानिनुले कुललाई ईश्वरीय स्वरूपमा मानिएको प्रमाणित गरेको छ ।

## निष्कर्ष

यो अनुसन्धान धार्मिक चिन्तनमा कुलको ईश्वरीय स्वरूपसँग सम्बद्ध विषयमा केन्द्रित रहेको छ । विभिन्न धर्मका धार्मिक चिन्तनका आधारमा कुलको नैतिक, धार्मिक एवम् आध्यात्मिक स्वरूपसँग सम्बन्धित भएर यो अनुसन्धान गरिएको छ । यसमा व्याख्यात्मक विधिको उपयोग गरिएको छ । धार्मिक चिन्तनमा गरिएको अनुसन्धान पद्धति वैज्ञानिक पद्धति हो । यसको अध्ययन बहुधर्म र बहुविधिको समायोजनका रूपमा गरिएको छ । हरेक धर्मका बीचमा विभिन्न अर्न्तविषयक पक्ष गाँसिएका छन् । सम्पूर्णधर्म एक उच्च, अनन्त एवम् दिव्यसत्ताको अनुभूति परमशक्तिको बन्दना, नयाँ कुराको लालसा, परमशक्तिमा प्रेम, नजीकपन र एकताको स्थापना गर्नमा केन्द्रित रहेका छन् । बस्तुतः सबै धर्मको सार एकै हो । विभिन्न धर्मका सिद्धान्त, आदर्श, परम्परा रीतिरिवाज आदिमा विभिन्नता हुँदाहुँदै पनि कतिपय सामान्य गुण विद्यमान रहेको अवस्था छ जसले एक सुन्दर धागोमा माला उने झैं उनी सम्पूर्ण धर्मलाई एक सुन्दर मालाको रूप दिएको छ । यस अध्ययबाट कुल पनि एक ईश्वरीय स्वरूपमा रहेकाले भातृभाव, समानता, विश्वबन्धुत्व अथवा सर्वोदयको भावना कुलबाट प्राप्त हुने मान्यता प्राप्त भएको छ । कुलपूजामा नीतिमय जीवन व्यतित गर्ने आधार, भातृभावना, समानता, विश्वबन्धुत्वको भावना रहेकोले कुल सम्पूर्ण धर्मको आदर्शको समग्र स्वरूप हो र आदर्शवादी दृष्टिकोणबाट धार्मिक चिन्तनको ईश्वरीय स्वरूप कुल हो भन्ने यसको प्राप्ति र निचोड रहेको छ ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीबिशाल (२०६८), *प्रयोगात्मक नेपाली शब्दकोश,* विद्यार्थी प्रकाशन प्रा.लि. कमलपोखरी, काठमाडौं, चतुर्थ संस्करण ।

अज्ञात, अज्ञात (अज्ञात), *श्रीमद्भागवद्गीता (कमल गीता),* बम्बई पुस्तक भवन कचौडीगली, वाराणसी ।

आचार्य, भानुभक्त (२०५७), *आठकाण्ड रामायण,* बाराणसीः जयनेपाल प्रकाशन ।

इस्लाही, मौलान, सहरूद्दीन (२०६५), *महाग्रन्थ कुरानको परिचय,* काठमाडौँः इस्लामी संघ नेपाल ।

गुप्त, तनुसुखराम (२०००), *हिन्दू धर्म परिचय,* नयाँदिल्लीः सूर्य भारती प्रकाशन ।

गोस्वामी, राजेन्द्र (२०६४), *सत्कर्म के बीज सद्बिचार,* दिल्लीः अभिल भारतीय त्रिपुरासुन्दरी शक्ति समिति।

चालिसे, पुष्पराज (२००४), कटुञ्जे(भक्तपुर) स्थित पूर्वमध्यकालीन श्री ३ श्वेत भैरव खोजमूलक टिप्पणी, *त्रि.वि. जर्नल,* सम्पा.प्रो. महेन्द्र सिंह र अन्य ।

क्षेत्री, गणेशप्रसाद र खतिवडा, सोमप्रसाद (२०५४), *हिन्दू समाज र धर्म,* शिवा प्रकाशन विराटनगर, प्रथम संस्करण ।

जै.वि.वि. (२०१०), जैनविद्या एवम् तुलनार्थ धर्म दर्शन (एम.ए. का लागि शाधग्रन्थ) राजस्थानः जैन विश्व भारती विश्व विद्यालय ।

टोकारेव, (अज्ञात), *धर्मको इतिहास (नेपाली अनुवाद),* काठमाडौँः पदम गौतम विवेक सिर्जनशील प्रकाशन।

डंगोल, सानुभाई (२०६८), *धर्मचक्र प्रवर्तन सूत्रः बुद्ध धर्मको सारसङ्क्षेप, दर्शनावली,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

दुर्गा साहित्य (२००३), *ठूलो श्री स्वस्थानी व्रत कथा,* दुर्गा साहित्य भण्डार, नेपाली खपडा वाराणसी ।

पोखरेल, बालकृष्ण र अन्य (२०७२), *नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं, नवौं संस्करण ।

पौडेल, रामचन्द्र (२०७०), *सस्कृत अध्यात्म रामायण र भानुभक्तीय रामायणको तुलनात्मक अध्ययन,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, स्थानेश्वर र खनाल, वासुदेव (२०७१), *श्री दुर्गा सप्तशती,* आस्था प्रकाशन, काठमाडौं ।

ब्यास (१९९६), *श्रीमद्भागवत् महापुराण,* बाराणसीः चौखम्बा संस्कृत प्रकाशन ।

भट्टराई, बद्रीप्रसाद (२०१८), नारीशक्तिको रूपमा दुर्गा सप्तशती, *अप टु डेट रिसर्च जर्नल,* सम्पा. प्रा .राम कु. पाण्डे र अन्य ।

योगानन्द, परमहंस (२००६), *योगीको आत्मा कथा (नेपाली संस्करण),* कलकत्ताः योगानन्द सोसाइटी ।

लुइटेल, तिलकप्रसाद (२०६३), *यजुर्वेद नेपालीमा,* विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाडौं, प्रथम संस्करण ।

सर्वपल्ली, राधाकृष्ण (१९२०), *द रेन अफ् रिलिजन् कन्टेम्पोररी फिलोसफी,* लण्डनः स्याकमिलन एण्ड कम्पनी ।

स्वामी, विवेकानन्द ( १९८२), *हिन्दू धर्म,* नागपुरः रामकृष्ण मिशन ।

सापकोटा, जसोदा (२०६२), *हिन्दु,* झापाः जसोदा सापकोटा ।

सापकोटा, लीलाप्रसाद (२०७२), *विश्वका प्रमुख धर्म,* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

श्रीमुर्ति, कृष्णकृपा (२०१२), *श्रीमद्भगवद्गीता यथारूप,* (पाँचौं संस्करण), मुंबईः भक्तिवेदान्त बुक ट्रष्ट ।